नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

प्रेस विज्ञप्ति

भारत सरकारका वाणिज्य तथा उद्योग मन्त्री श्री पियुष गोयलको निमन्त्रणामा नयाँ दिल्लीमा २-३ डिसेम्बर, २०२४ मा आयोजना भएको 29th Partnership Summit मा नेपालको तर्फबाट उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारी सहभागी हुनु भयो।

सम्मेलन भारत सरकारको वाणिज्य तथा उद्योग मन्त्रालय र भारतीय उद्योग परिसंघ (सीआईआई) को सहकार्यमा आयोजना भएको थियो। सम्मेलनमा विभिन्न ११ देशबाट मन्त्री/राज्यमन्त्री, विभिन्न देशका उद्यमी, व्यवसायी, थिङ्कट्याङ्क, एकेडेमिया लगायतको सहभागिता रहेको थियो।

सम्मेलनको पहिलो दिनको उद्घाटन सत्रमा माननीय मन्त्रीले सम्बोधन गर्नु हुदै नेपालमा पर्यटन, जलविद्युत, कृषि, जडिबूटी, सूचना प्रविधि र म्यानुफ्याक्चरिङ्गका क्षेत्रमा लगानीको पर्याप्त सम्भावना रहेको र सरकारले लगानीको वातावरण सुधार गर्न विभिन्न नीतिगत, संस्थागत तथा प्रकृयागत सुधार गरेको र थप सुधारमा निरन्तरता दिई रहेको बताउनु हुँदै लगानीकर्ताहरुलाई नेपालमा ढुक्क भएर लगानी गर्न आह्वान गर्नु भयो।

सम्मेलनका दौरान माननीय मन्त्रीसंग भारतीय उद्योग परिसंघ (सीआईआई) का अध्यक्ष श्री संजीव पुरी लगायत उद्यमी व्यसायीहरुले भेटघाट गर्नु हुँदै नेपालको लगानीका उच्चं प्राथमिकता क्षेत्रमा भारतीय लगानी बढाउन र पर्यटन प्रवर्द्धन गर्न तत्पर रहेको जानकारी गराउनु भएको थियो।

भ्रमणको पहिलो दिन माननीय मन्त्री भण्डारीले भारत सरकारका विदेश मामिला मन्त्री डा. श्री यस जयशंकरसंग भेटघाट गरी नेपाल र भारतबीच द्विपक्षीय सहयोगका विभिन्न क्षेत्रमा छलफल गर्नु भएको थियो।

भ्रमणको दोस्रो दिन माननीय मन्त्री भण्डारीले समकक्षी वाणिज्य तथा उद्योग मन्त्री श्री पियुष गोयलसंग भएको भेटघाटमा नेपाल-भारत व्यापार र पारवहनका विविध विषयमा छलफल गर्नु भएको र दुवै देशका मन्त्रीबीच वाणिज्य सचिवस्तरीय बैठक शीघ्र काठमाडौंमा आयोजना गर्ने सहमति भएको थियो।

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np

सोही दिन माननीय मन्त्री भण्डारीले भारत सरकारका पेट्रोलियम र प्राकृतिक ग्यास मन्त्री श्री हरदीप एस पुरीसँगको भेटघाटमा भारत सरकारको सहयोगमा सञ्चालनमा रहेका तथा नयाँ पूर्वाधार परियोजनाहरूमा भारतीय सहयोगका विषयमा छलफल भयो। छलफलका अवसरमा अमलेखगञ्ज-चितवन र सिलगुडी-चारआली पेट्रोलियम पाइपलाइनको निर्माण कार्य शीघ्र सम्पन्न गर्ने, त्रिभुवन विमानस्थलको हवाई ईन्धन डिपो स्थानान्तरण गर्ने र मोतिहारी-सर्लाही एलपिजी ग्यास पाईप लाइन निर्माणमा भारतीय सहयोग उपलब्ध गराउने विषयमा सकारात्मक छलफल भएको थियो।

भ्रमणको चौथो दिन माननीय मन्त्री भण्डारीले भारत सरकारका उपभोक्ता मामिला, खाद्य र सार्वजनिक वितरण मन्त्री श्री प्रह्लाद जोशीसंग भेटवार्ता गर्नु भयो। भेटवार्ताका अवसरमा नेपाली कम्पनीहरूले भारतमा निर्यात गर्न आवश्यक पर्ने ब्यूरो अफ इण्डियन स्टयाण्डर्ड (बीआईएस) प्रमाणपत्रको प्राप्ति र नवीकरणमा देखिएका समस्या समाधानका विषय तथा आवश्यक खाद्य वस्तुहरूको आयातमा सहजीकरण गर्ने विषयमा छलफल भयो। साथै, नेपाल गुणस्तर तथा नापतौल विभाग र भारतको बीआईएसबीच सहकार्य गरी गुणस्तर मापदण्डको विकास र क्षमता विकासमा सहकार्य गर्ने लगायतका विषयमा छलफल भयो।

उपर्युक्त छलफल तथा भेटघाटका क्रममा नेपाली राजदूतावास नयाँ दिल्ली र मन्त्रालयका सम्बद्ध कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो। भ्रमण सम्पन्न गरी मन्त्री भण्डारी आजै स्वदेश फर्किनु भयो।

मिति: २०८१/८/२० गते

सहसचिव/प्रवक्ता